नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. श्री गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, सिंहदरबार, काठमाडौंको मिति २०७९-११-१५ को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पूर्वाधार विकास महाशाखा, सिंहदरबार, काठमाडौं र श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको पत्र संलग्न गरी "राष्ट्रिय गौरबका आयोजनाहरूमा छड्को रासायनिक परीक्षण नगरी आवश्यक गुणस्तरको पूर्ण रूपमा यकिन गर्न नसकिने हुँदा आयोजनाहरूको नेपाल गुणस्तर तथा नापतौल विभागको प्रयोगशालामा छडको रासायनिक परीक्षण हुने व्यवस्था गरी अब आइन्द यस्ता आयोजनाहरूको आयोजना स्थलमा रासायनिक परीक्षण गर्न असमर्थ भए पनि नेपाल सरकारको आधिकारिक निकायमा परीक्षण गर्ने व्यवस्था मिलाउने" भनी लेखी आएकोले सम्बन्धित निकायहरूले सोहीबमोजिम गर्ने, गराउने व्यवस्था मिलाउने ।

२. श्री गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ६१५, मिति २०७९-११-२५ को पत्रको संगीत रोयल्टी बुझाउने विषयक पत्रको व्यहोरा बैठकमा जानकारी गराइयो ।

३. श्री गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १२९० मिति २०७९-१२-०१ को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुशासन प्रवर्दन तथा भ्रष्टाचार निगरानी शाखा, सिंहदरबार, काठमाडौं र श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको पत्र संलग्न गरी "समान आपूर्ति गर्ने प्रतिस्पर्धामा संलग्न आपूर्तिकर्ता कम्पनीहरूको शेयरधनी/सञ्चालकहरूमध्ये कुनै शेयरधनी व्यक्ति हरेक कम्पनीमा रहेबाट उक्त प्रतिस्पर्धामा मिलेमतो खुल्न आएको भनी आगामी दिनमा प्रतिस्पर्धालाई संकुचन हुन निदन टेण्डर प्रक्रियामा सहभागी हुनका लागि कानूनले तोके बमोजिम अन्य कागजातहरूको अतिरिक्त कम्पनीहरूको कम्पनी दर्ता गर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रूपमा संलग्न गराउने व्यवस्था मिलाउने" भनी सुझाव कार्यान्वयनको लागि लेखी आएकोले सम्बन्धित सबै निकायहरूले सोहीबमोजिम गर्ने, गराउने व्यवस्था मिलाउने ।

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी